# आपसी सिकाइसम्बन्धी प्रक्रियागत हाते पुस्तिका

## Peer to Peer Learning Process Handbook



## पृष्ठभूमि तथा औचित्य

एकै प्रकृतिका कार्य भएका व्यक्ति, समूह, तथा संस्थाहरूले आफूसँग भएको ज्ञान, सिप तथा अनुभवलाई एक अर्काबिच आदानप्रदान, एक अर्कालाई परेका समस्याहरू आपसी छलफल तथा सल्लाहबाट समाधान पहिल्याउने Horizontal सिकाइ विधि नै आपसी सिकाइ हो। यो सिर्जित ज्ञान तथा अनुभवको प्रमाणीकरण गर्ने विधि पनि हो। यस विधिबाट कार्यक्रम कार्यान्वयनका क्रममा प्राप्त ज्ञान, अनुभव तथा सिकाइको उत्पादन; तत्पश्चात् त्यसका प्रतिफलहरूको एकआपसमा आदानप्रदान गर्न सकिन्छ। वास्तवमा यो नेटवर्कमा आधारित पद्धति हो। यसमा आफूले के योगदान गर्न सक्छु र अरूबाट के सिक्न सक्छु भन्ने मान्यतामा आधारित भई सामूहिक चिन्तन गर्ने र समाधान निकाल्ने पद्धतिले आफ्ना असल अभ्यासहरूको बजारीकरणमा समेत सहयोग पुऱ्याउँछ।

## आपसी सिकाइ प्रक्रिया तथा विधिका उद्देश्यहरू

- उस्तै विषय तथा उस्तै कार्यक्षेत्रका विज्ञ तथा कार्यान्वयनकर्ताहरूबाट एकआपसको सिकाइ अनुभव आदानप्रदान तथा असल अभ्यासहरूबाट सहभागीहरूलाई लाभान्वित गराउने।
- असल अभ्यासहरूको गुणात्मक रूपमा विकास गर्न र अन्य सहभागीहरूलाई पनि असल अभ्यासहरूको निर्माणका लागि प्रेरित गर्ने।
- कार्यान्वयनका सिलसिलामा आइपरेका कठिनाइ तथा अप्ठ्याराहरूको समाधान गर्न सहभागीहरूलाई सहयोग गर्ने।
- पारस्परिक रूपमा नवीन विषयहरूमा सिकाइ गर्ने।
- विशेष गरी कार्यान्वयनका लागि अवलम्बन गरिएका अभ्यासहरूलाई केन्द्रीकृत गर्ने।
- आपसी सिकाइ विधिमार्फत स्थानीय तहहरूका कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने।

## आपसी सिकाइका विधिहरू

आपसी सिकाइ अनुभवमा आधारित विधि भएको हुँदा यसमा गरिने छलफलका विषयहरू आपसी महत्त्वका हुने गर्दछन्। एकआपसमा भएका असल अभ्यास तथा समस्याहरूको विषयमा छलफल गर्दा सहभागीहरू लाभान्वित हुने हुँदा यो विधि स्थानीय तहहरूमा लोकप्रिय भएको पाइन्छ। यो विधि सञ्चालन गर्दा सर्वप्रथम समस्याको पहिचान गर्ने गरिन्छ। तत्पश्चात् समस्यामा अल्झिएका स्थानीय तहहरूको पहिचान हुन्छ, साथसाथै सोही विषयमा असल अभ्यास गरेका स्थानीय तहहरूको समेत पहिचान गर्ने गरिन्छ। यसरी दुबै समूहहरूको पहिचान भइसकेपश्चात् दुवै समूहलाई एक ठाउँमा राखी सहजकर्ताले प्रक्रियागत रूपमा सहजीकरण गर्दै उक्त विषयमा भएका असल अभ्यास गर्ने स्थानीय तहहरूको अनुभवबाट समस्याको समाधान निकाल्ने गरिन्छ। साथै आवश्यकताका आधारमा प्रश्नोत्तरका माधमबाट समेत समस्याको समाधान निकाल्ने गरिन्छ। यस विधिमा देहायका अन्य विधिहरूसमेत प्रयोग गर्न सकिन्छ।

- अनुभव आदान प्रदान कार्यक्रम
- On–the–job coaching / Training
- अध्ययन भ्रमण
- भगिनी पालिकाको सम्बन्ध
- विज्ञ छलफल: निति निर्माता, कार्यान्वयनकर्ता तथा साझेदारहरूका बिचमा
- सूचना प्रविधिको प्रयोगमार्फत (सामाजिक सञ्जाल, Skype, IT conference, Online/Video conference)
- यो छोटो तथा लामो दुबै अवधिको हुन सक्छ। आवश्यकताअनुसार यसको डिजाइन गर्न सकिन्छ।

## स्थानीय सरकारहरूमा आपसी सिकाइका लागि उपयुक्त संरचना

सेवा प्रवाह तथा विकास कार्यहरूमा विभिन्न तहका साझेदारहरूलाई एकै थलोमा भेला गराई एकसाथ समस्या र समाधानका विषयमा छलफल गराई, अनुभवका आधारमा मुद्दाहरूको छलफल तथा सामूहिक र व्यवस्थित रूपमा समाधान निकाली कार्यान्वयनमा जाने पद्धतिले सबै सरोकारवालाहरूको चासोमा सम्बोधन हुन सक्दछ। यसका लागि देहाय बमोजिमका प्लेटफर्महरू सहायकसिद्ध हुन सक्दछन्।

- प्रदेश सरकारहरू (अन्तर प्रदेश सरकार, तथा प्रदेश सरकार स्थानीय सरकारहरू)
- स्थानीय सरकारहरू (अन्तर स्थानीय सरकारहरू)
- स्थानीय सरकारका एसोसिएसनहरू (गाउँपालिका महसङ्घ, नगरपालिका सङ्घ)
- स्थानीय स्तरका विभिन्न सन्जालहरू
- सरकारी तथा गैरसरकारी संस्थाहरूका समीक्षा गोष्ठीहरू
- विभिन्न विषयगत निकायहरूका तालिम केन्द्रहरू
- अन्तर स्थानीय सरकार तथा भगिनी नगर सम्बन्धका मञ्चहरू

## आपसी सिकाइ कार्यक्रम सञ्चालनका चरणहरू

आपसी सिकाइ सञ्चालन प्रक्रियालाई हेर्दा, यो अनुभवमा आधारित ज्ञान तथा सिप आदान प्रदान गर्ने विधि हो। यसमा विज्ञहरूबाट प्रदान गरिने सैद्धान्तिक विषयवस्तुभन्दा अनुभवमा आधारित ज्ञान तथा सिपलाई सहभागीहरूका बिचमा प्रस्तुत गरी सहभागीहरूबाट नबुझेका विषयहरूमा जिज्ञासाका रूपमा थप छलफल गरी समस्याको सामूहिक समाधान निकाल्न प्रयास गरिन्छ।

आपसी सिकाइ प्रक्रिया सञ्चालन गर्दा कुनै स्थानीय तहले कुनै सेवा प्रवाहका क्षेत्रमा उल्लेखनीय काम गरेका हुन सक्छन्, त्यस्ता गतिविधिहरूले एकातिर सेवा प्रवाहमा प्रभावकारिता ल्याउन सक्छ भने अर्कातर्फ नागरिक र स्थानीय सरकारबिच विश्वासको वातावरण सिर्जना भई स्थानीय सरकारका गतिविधिहरूमा नागरिकको सहभागितामा वृद्धि हुन जान्छ। अत: प्रयोग तथा परिक्षण

गरिएका यस्ता असल अभ्यासहरुको अनुभव तथा ज्ञानलाई अन्य स्थानीय तहहरुमा आपसी सिकाइ प्रक्रियामार्फत आदान प्रदान गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउन विशेष जोड दिइन्छ।

आपसी सिकाइ प्रक्रियामा सरोकारवालहरुले आफ्नै आन्तरिक मानवीय स्रोतबाट अथवा तेस्रो पक्षका विज्ञ टोलीलाई परिचालन गरेर पनि सम्पन्न गर्न सक्छन्। जसका लागि देहायका सात चरणको अवस्थालाई अवलम्बन गर्दा सहज हुन सक्छ।




## आपसी सिकाइसँग सम्बन्धित अभ्यासका सम्भावित विषयहरु

- स्थानीय कानुन तर्जुमा र कार्यान्वयन (Local level law making process)
- सूचना र प्रविधिको प्रयोग (Information and Technology)
- फोहोरमैला व्यवस्थापन (Solid Waste Management)
- स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा (Local Disaster and Climate Resilient Plan)
- एकीकृत नगर विकास योजना (Comprehensive Town Development Plan)
- राजस्व सुधार योजना (Revenue Improvement Plan)
- स्थानीय आर्थिक विकास (Local Economic Development)
- स्थानीय पूर्वाधार विकास (Local Infrastructure development)
- स्थानीय योजना तर्जुमा, बजेट विनियोजन, र कार्यक्रम कार्यान्वयन (Local Planning, budgeting and project implementation)

## आपसी सिकाइका सबल पक्षहरू र यसबाट प्राप्त हुने उपलब्धिहरू

- यो मागमा आधारित हुन्छ र स्थानीय सरकारलाई केन्द्रमा राखी बहस र छलफल हुने गर्दछ।
- यो समन्वय र सम्बन्धको विकासमा आफूले के योगदान गर्न सक्छु र अरूबाट के सिक्न सक्छु भन्ने मान्यतामा आधारित अवधारणा हो।
- यसमा विश्वासनीय वातावरणको सिर्जना, लुकेका वा ध्यान नपुगेका एजेन्डाहरू एक आपसको छलफलबाट मुखरित हुन्छन र सोको कार्यान्यवन विधिमा समेत अरूबाट उपयुक्त वैचारिक सहयोग प्राप्त हुन्छ।
- यसमा सैद्धान्तिक पक्षभन्दा व्यावहारिक पक्षहरूलाई केन्द्रमा राखी उपलब्धि तथा सिकाइहरू संयुक्त रूपमा आदानप्रदान हुन्छ।
- यसमा संयुक्त कार्ययोजनाको तयारी गर्ने, सोको कार्यान्वयन गर्ने, र उपलब्धि तथा सिकाइहरू एकआपसमा आदानप्रदान हुन्छ।
- यसमा लागत, समय र खर्चमा प्रभावकारिता हुन्छ।

## आपसी सिकाइका चुनौतीहरू

- नियमित सहयोग तथा स्वामित्व ग्रहण।
- दैनिक तथा नियमित कार्यबोझ र अतिरिक्त कार्य सम्पादनको अभिभारा।
- सीमित तथा दक्ष जनशक्ति, बजेट तथा सोको उपलब्धता।
- विषय विज्ञहरूको व्यस्तता, सीमित उपलब्धता, असल अभ्यासहरूको उत्पादनमा कम प्रयास र उपयुक्त फोरमको उपलब्धता।
- इच्छाशक्तिमा कमी, प्रतिबद्धता तथा स्वदक्षतामा विश्वस्त हुन नसक्नु।

## आपसी सिकाइ कार्यशालामा तयार गरिने कार्य योजना तथा सोका FOLLOW–UP सम्बन्धी अवधारणा

आपसी सिकाइ कार्यशालामा सहभागीहरूबाट तयार गरिने कार्य योजनामा कार्यशाला सम्पन्नपश्चात् सहभागीहरूले आफ्नो कार्यस्थलमा लागु गर्न सकिने असल अभ्यासहरूको सूची तयार गर्नुपर्ने हुन्छ। यसका लागि उनीहरूले सिकेका सिकाइका विषयवस्तुहरूको सूची तयार पार्नुपर्दछ। तत्पश्चात् उनीहरूले सिकेका असल अभ्यासहरूमध्ये आफ्नो कार्य क्षेत्रमा कुन/कुन गतिविधिहरू लागु गर्न सक्छन्, सोबारेमा उल्लेख गर्नुपर्दछ, यो एक किसिमको प्रतिबद्धता जस्तै हो। यसले सहभागीहरूलाई आपसी सिकाइ कार्यशालामा सिकेका विषयहरूलाई आफ्नो कार्यस्थलमा लागु गर्न अभिप्रेरित गर्दछ ।

यसका अतिरिक्त सहभागीहरूले आपसी सिकाइ कार्यशालामा सिकेका विषयहरूमध्ये आफ्नो कार्य क्षेत्रमा कुन/कुन विषयवस्तुहरू लागु गर्न सक्छन् सो बारेमा उल्लेख गर्नुपर्दछ। तत्पश्चात् सहभागीहरूले सिकेका असल अभ्यासहरू आफ्नो कार्य क्षेत्रमा कसरी कार्यान्वयन गर्न सकिन्छ भन्ने आधारहरू प्रस्तुत गर्नुपर्दछ भने असल अभ्यासहरू लागु गरेपश्चात् केकस्ता नतिजाहरू प्राप्त गर्न सकिएला सोबारेमा समेत उल्लेख गर्न जरुरी छ। अन्त्यमा, कार्ययोजना कार्यान्वयन र प्राप्त हुने नतिजाको पुष्ट्याई गर्न जरुरी छ (हेर्नुहोस: फाराम १)।

साथै, आपसी सिकाइ कार्यशालापश्चात् सहभागीहरूले आफ्नो कार्य क्षेत्रमा सञ्चालन गरेका गतिविधिहरूको नियमित फलोअप र अनुगमन गर्न जरुरी हुन्छ र यसको नियमित रिपोर्टिङसमेत जरुरी हुने भएकाले त्रैमासिक, अर्धवार्षिक र वार्षिक रूपमा अनुगमन तथा रिपोर्टिङ हुनेछ (हेर्नुहोस:फाराम २)।

अनुसूची

## फाराम नं. १: आपसी सिकाइ कार्यशालापश्चात् सहभागीहरुले आफ्नो स्थानीय तहमा सञ्चालन गर्न सक्ने गतिविधिहरुको कार्ययोजना

सहभागीको नाम, थर :

स्थानीय तहको नाम :

पद :

| सि.नं. | सिकाइका विषयवस्तुहरु | सिकेका असल अभ्यासहरुमध्ये आफ्नो स्थानीय तहमा कुन/कुन लागु गर्नका सकिएला ? | सिकेका असल अभ्यासहरु आफ्नो स्थानीय तहमा कसरी कार्यान्वयन गर्न सकिएला (आधारहरु) ? | असल अभ्यासहरु लागु गरेपश्चात के कस्ता नतिजाहरु प्राप्त गर्न सकिएला ? | पुष्ट्याईका आधारहरु |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

कार्ययोजना तयार गरिएको मिति:

कार्ययोजना तयार गरिएको स्थान:

कार्ययोजना तयार पार्नेको हस्ताक्षर :



अनुसूची

## फाराम नं. २: आपसी सिकाइ कार्यशालामा सिकेका असल अभ्यासहरू लागु गर्दा प्राप्त भएका नतिजाहरू (फलोअप गतिविधि)

**स्थानीय तहको नाम :**

**आपसी सिकाइ कार्यशालामा सहभागी भएका व्यक्तिको नाम, थर :**

**पद :**

| सि.नं. | आफ्नो स्थानीय तहमा लागु गर्नका लागि प्रयास गरिएका असल अभ्यासहरू के के थिए ? | आपसी सिकाइ कार्यशालामा सिकेका असल अभ्यासहरू लागु गर्दा प्राप्त भएका नतिजाहरू | पुष्ट्याईका आधारहरू |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

**फलोअप गर्ने व्यक्तिको नाम :**

**कार्ययोजना तयार गरिएको मिति :**

**फलोअप गरेको मिति :**

The Nepal-German Capacity Development Support to Governance (CDSG) Programme led by the Ministry of Federal Affairs and General Administration and supported by GIZ on behalf of BMZ.